परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily
राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १६३ पृष्ठ ४ २०८२ चैत्र २१ गते शनिवार 4 April, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## “सुरक्षित, उज्यालो र प्रविधिमैत्री

# बर्दिबासतर्फ हाम्रो दृढ प्रतिबद्धता”




● टक नेपाल

उद्योग तथा व्यवसायीहरूको हकहित संरक्षण र क्षेत्रीय आर्थिक गतिविधि सुदृढ गर्ने उद्देश्यसहित बर्दिवास उधोग बाणिज्य संघको उत्तम श्रेष्ठ प्यानलले १५ बुँदे प्रतिबद्धता सार्वजनिक गरेको छ ।

यही २४ गते हुने निर्वाचनको लागि श्रेष्ठ प्यानलले संघको नेतृत्व गर्ने लक्ष्यसहित सार्वजनिक गरिएको उक्त एजेन्डामा वित्तीय पहुँचदेखि पर्यटन प्रवर्द्धनसम्मका विषय समेटिएका छन् ।

प्यानलले बैंक तथा वित्तीय संस्थाहरूसँग समन्वय गरी उद्योगी-व्यवसायीहरूका लागि सहज र सहुलियतपूर्ण कर्जा प्रवाह सुनिश्चित गर्ने उल्लेख गरेको छ । साथै, वर्तमान आर्थिक संकटका कारण व्यवसायबाट पलायन हुने अवस्था रोक्न राहत तथा संरक्षणका विशेष कार्यक्रम ल्याउने प्रतिबद्धता जनाएको छ ।

त्यसैगरी, संघका सम्पूर्ण गतिविधिलाई प्रविधिमैत्री बनाउँदै ‘डिजिटल पहुँच’ विस्तार गर्ने, समयमै नवीकरण गर्ने सदस्यहरूका लागि गम्भीर रोग, दुर्घटना तथा मृत्यु जोखिम समेट्ने विशेष बीमा सुविधा उपलब्ध गराउने योजना पनि अघि सारिएको छ ।

बर्दिबासलाई मधेश प्रदेशकै वृहत् कृषि सङ्कलन केन्द्रका रूपमा विकास गर्ने र अटो व्यवसायीका लागि व्यवस्थित ‘अटो ल्यान्ड’ निर्माण गर्ने योजना पनि प्राथमिकतामा राखिएको छ। बजार क्षेत्रलाई ‘सीसीटीभी’ युक्त बनाउँदै ‘उज्यालो बर्दिबास’ अभियान सञ्चालन गरी सुरक्षित व्यापारिक वातावरण निर्माण गर्ने लक्ष्य प्यानलले लिएको छ।

घरधनी र व्यवसायीबीच सुमधुर सम्बन्ध कायम गर्दै भाडासम्बन्धी समस्याहरू आपसी समझदारीमा समाधान गर्ने, स्थानीय उत्पादनको प्रवर्द्धनका लागि स्थायी प्रदर्शनी स्थल निर्माण गर्ने तथा ‘रात्रिकालीन बजार’ सञ्चालन गर्ने योजना पनि समेटिएको छ।

युवा लक्षित स्वरोजगार कार्यक्रमअन्तर्गत सीपमूलक तालिम प्रदान गर्ने, स्टार्टअप व्यवसायलाई प्रोत्साहन गर्ने तथा परम्परागत सीपलाई व्यवसायीकरण बाकी पष्ठ २.....

## धनुषाका ४५ केन्द्रमा

# एसइई उत्तरपुस्तिका परीक्षण

● टक नेपाल

शिक्षा विकास तथा समन्वय एकाइ धनुषाले माध्यमिक शिक्षा परीक्षा (एसइई) को उत्तरपुस्तिका परीक्षण कार्यलाई तीव्र रूपमा अगाडि बढाएको छ । जिल्लाका ४५ वटा केन्द्रमार्फत उत्तरपुस्तिका जाँच भइरहेको एकाइ प्रमुख चेतकुमार पोखरेलले जानकारी दिनुभयो ।

सरकारले यस वर्षदेखि एसइईको नतिजा एक महिनाभित्रै सार्वजनिक गर्ने निर्णय गरेसँगै परीक्षा सकिएलगत्तै उत्तरपुस्तिका परीक्षणको प्रक्रिया थालिएको हो । एकाइ प्रमुख पोखरेलले भन्नुभयो, “समयमै नतिजा प्रकाशन गर्ने लक्ष्यअनुसार सबै केन्द्रमा परीक्षण कार्य सुरु भइसकेको छ । जिल्लाभरका ४५ केन्द्रबाट सङ्कलित उत्तरपुस्तिका सुरक्षित रूपमा राखेर जाँच भइरहेको छ ।”

उत्तरपुस्तिका परीक्षण कार्यलाई व्यवस्थित र विश्वसनीय बनाउन सुरक्षा व्यवस्था कडा पारिएको छ । यस कार्यमा माध्यमिक तहमा अध्यापन गराउँदै आएका अनुभवी एवं विषयगत करिब दुई सयभन्दा बढी शिक्षक खटिएका छन् ।

उत्तरपुस्तिका परीक्षण भइरहेका अधिकांश केन्द्रमा सीसीटीभी क्यामरा जडान गरिएको छ । केही केन्द्रमा क्यामरा जडान गर्न बाँकी रहेको र त्यसका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय भइरहेको एकाइ प्रमुख पोखरेलले बताउनुभयो । उहाँका अनुसार जिल्लाभर शान्तपूर्वक परीक्षा सम्पन्न भएको छ र अबको लक्ष्य समयसीमाभित्रै उत्तरपुस्तिका परीक्षण कार्य सक्नु रहेको छ ।









पछिल्लाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### “अदृश्य प्रभावको जालोमा लोकतन्त्र”

आजको राजनीति केवल चुनावी सभा, भाषण वा ऱ्यालीमा सीमित छैन; यो समाजका हरेक तह र थलोमा सूक्ष्म रूपमा प्रवेश गरिसकेको छ। व्यावसायिक कार्यक्रम, धार्मिक स्थल, विद्यालयदेखि सामाजिक सञ्जालसम्म राजनीतिक प्रभाव विस्तार हुँदै गएको छ। यसले लोकतन्त्रको मूल आधार–स्वतन्त्र सोच र विवेक–लाई चुनौती दिइरहेको छ।

प्रविधिको विकाससँगै ‘माइक्रो-टार्गेटिङ’ र एल्गोरिदममार्फत मानिसको मनोविज्ञानमा प्रवेश गरेर विचार निर्माण गर्ने प्रवृत्ति तीव्र बनेको छ। प्रयोगकर्ताको रुचि, डर र व्यवहारका आधारमा सामग्री पस्किने यो प्रविधिले व्यक्तिलाई अनजानमै प्रभावित पारिरहेको छ। फलतः मानिसले आफू स्वतन्त्र रूपमा सोचिरहेको जस्तो लागे पनि वास्तवमा ‘इको च्याम्बर’ भित्र सीमित हुँदै गइरहेको हुन्छ।

नेपालको सन्दर्भमा झन् गम्भीर पक्ष के छ भने, यहाँ डिजिटल माध्यमसँगै सामाजिक र सांस्कृतिक थलोहरू पनि राजनीतिक प्रभावका माध्यम बन्न थालेका छन्। यसले जनचेतनालाई निर्देशित गर्ने खतरा बढाएको छ।

यस अवस्थाबाट जोगिने प्रमुख उपाय भनेको डिजिटल साक्षरता र सचेत नागरिकता हो। प्रत्येक सूचनामाथि प्रश्न उठाउने, स्रोत जाँच्ने र आलोचनात्मक सोच विकास गर्ने बानी बसाल्न आवश्यक छ। लोकतन्त्रलाई सुदृढ बनाउन मत दिनु मात्र पर्याप्त हुँदैन; आफ्नो विचार स्वतन्त्र र सचेत रूपमा निर्माण गर्नु नै आजको सबैभन्दा ठूलो जिम्मेवारी हो।




## “सुरक्षित, उज्यालो र प्रविधिमैत्री..........................................

गर्ने विषयलाई पनि प्राथमिकता दिइएको छ। साथै, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्दै कृषि पर्यटनमार्फत बर्दिबासलाई समृद्धिको आधार बनाउने लक्ष्य राखिएको छ।

व्यवसायीहरूलाई आवश्यक कानुनी परामर्श उपलब्ध गराउने र औद्योगिक ग्राम निर्माणका लागि पहल गर्ने, तीनै तहका सरकारसँग समन्वय गरी नीतिगत तहमा समस्या समाधान गराउने प्रतिबद्धता पनि जनाइएको छ।

प्यानलले स्थानीय मिडियासँग सहकार्य सुदृढ गर्दै व्यावसायिक सूचना प्रवर्द्धन गर्ने तथा सम्पूर्ण उद्योगी-व्यवसायीलाई एउटै छाताभित्र गोलबद्ध गरी एकता कायम गर्ने लक्ष्य लिएको छ।

त्यस्तै, आगामी तीन वर्षभित्र व्यवसायीहरूको हकहितका लागि ‘व्यवसायी कल्याणकारी अक्षयकोष’ स्थापना गर्ने महत्वपूर्ण योजना पनि सार्वजनिक गरिएको छ।

यस्तो छ प्रतिवद्धताहरु।

१. वित्तीय पहुँच र सुलभ कर्जा: बैंक तथा वित्तीय संस्थाहरूसँग विशेष समन्वय गरी उद्योगी व्यवसायीहरूका लागि सहज र सहुलियतपूर्ण कर्जा प्रवाहको ठोस व्यवस्था मिलाउन।

२. व्यावसायिक पलायनता रोकथामः वर्तमान आर्थिक संकटबाट प्रभावित व्यवसायीहरूलाई पलायन हुनबाट जोगाउन विशेष राहत योजना र संरक्षणका कदमहरू चाल्न।

३. प्रविधिमैत्री डिजिटल संघः संघका सम्पूर्ण गतिविधि डिजिटल प्रविधि बाट व्यावसायिका घर पसलमा पुर्याउन र आधुनिक व्यावसायिक प्रवर्द्धनका लागि ‘डिजिटल पहुँच’ सुनिश्चित गर्न।

४. सदस्य सुरक्षा र बीमाः समयमै नवीकरण गर्ने सदस्यहरूका लागि गम्भीर रोग, दुर्घटना र मृत्यु जोखिम समेट्ने गरी ‘विशेष बीमा सुविधा’ उपलब्ध गराउन।

५. बर्दिबासलाई कृषि र व्यापारिक हब बनाउनेः बर्दिबासलाई मधेश प्रदेशकै ‘वृहत् कृषि सङ्कलन केन्द्र’ का रूपमा स्थापित गर्न र अटो व्यवसायीका लागि व्यवस्थित ‘अटो ल्यान्ड’ निर्माण गर्न।

६. सुरक्षित व्यापारिक वातावरणः ‘उज्यालो बर्दिबास’ अभियान र सम्पूर्ण बजार क्षेत्रलाई ‘सीसीटीभी’ युक्त बनाई सुरक्षित व्यवसायको प्रत्याभूति दिलाउन।

७. सुमधुर घरधनी-व्यवसायी सम्बन्धः घरधनी र व्यवसायीबीचको सम्बन्धलाई सुमधुर बनाउँदै भाडा लगायतका समस्याहरूलाई आपसी समझदारी र समन्वयमा समाधान गर्न।

८. पूर्वाधार र रात्रिकालीन बजारः स्थानीय उत्पादनको बजारीकरणका लागि ‘स्थायी प्रदर्शनी स्थल’ निर्माण गर्ने र आर्थिक गतिविधि बढाउन ‘रात्रिकालीन व्यवसाय’ (ल्घ्नजत :बचपभत) सञ्चालन गर्न।

९. युवा स्वरोजगार र स्टार्टअपः नयाँ स्टार्टअप व्यवसायका लागि सीपमूलक तालिम प्रदान गर्ने र परम्परागत सीपलाई व्यवसायीकरण गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न।

१०. पर्यटन र सम्पदा संरक्षणः धार्मिक, सांस्कृतिक र रातु सभ्यताको संरक्षण गर्दै ‘हाम्रो बर्दिबास, राम्रो बर्दिबास’ र कृषि पर्यटनको माध्यमबाट समृद्धिको आधार तयार गर्न।

११. कानुनी सहायता र औद्योगिक ग्रामः व्यवसायीहरूलाई आवश्यक कानुनी परामर्श उपलब्ध गराउन र यस क्षेत्रमा ‘औद्योगिक ग्राम’ निर्माणका लागि पहल गर्न।

१२. तिनैतहका सरकारसँग समन्वयः स्थानीय, प्रदेश र संघीय सरकारसँग प्रभावकारी समन्वय गरी उद्योगी व्यवसायीका समस्यालाई नीतिगत तहसम्म पुऱ्याउन र कार्यान्वयन गर्न।

१३. मिडिया र सूचना प्रवर्द्धनः स्थानीय मिडिया उद्योगलाई आत्मनिर्भर बनाउँदै व्यावसायिक सूचना र प्रवर्द्धनमा सहकार्य सुदृढ गर्न।

१४. व्यावसायिक एकताः सम्पूर्ण उद्योगी तथा व्यवसायीहरूलाई संघको एउटै छाताभित्र गोलबद्ध गरी साझा हकहितको रक्षा गर्न।

१५. अक्षयकोष स्थापनाः यस प्यानलले उद्योग वाणिज्य सङ्घ, बर्दिवासको नेतृत्व गर्ने अवसर प्राप्त गरेमा, व्यवसायीहरूको वृहत्तर हकहित र भैपरी आउने समस्या समाधानका लागि आगामी ३ वर्षभित्र एक ‘व्यवसायी कल्याणकारी अक्षयकोष’ स्थापना गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

## बर्दिवास उद्योग वाणिज्य संघ

**निर्वाचन समितिको कार्यालय,**

**बर्दिवास (महोत्तरी)**

**सूचना । सूचना ।। सूचना ।।।**

### नवीकरण तथा निर्वाचन सम्बन्धमा

उपरोक्त सम्बन्धमा यस बर्दिवास उद्योग वाणिज्य संघको मिति २०८२ साल चैत १७ गतेको निर्णयानुसार गठन भएको समितिले दिएको प्रतिवेदन, निर्वाचन समितिको पदाधिकारी तथा उम्मेदवारहरु बीच सर्व सम्मत भएको निर्णयानुसार यस संघका पूराना सम्पूर्ण सदस्यहरुलाई (नवीकरण छुट भएका तथा नवीकरण नगराउनु भएका दुवै) सदस्यहरुलाई आ आफनो स्थायी लेखा नम्बरको प्रमाणपत्र लिई स्वयम् उपस्थित भई यही मिति २०८२/१२/२० गते देखि २०८२/१२/२२ गते सम्म बिहान ८:०० बजे देखि साँझ ५ बजे सम्म यस संघको कार्यालयमा आई सदस्यता नवीकरण गरीदिनु हुन सम्पूर्ण सदस्यज्यूहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस संघबाट प्रकाशित भएको सूचना बमोजिम नवीकरण छुट हुन गएमा सदस्य स्वयम् जिम्मेवार रहने व्यहोरा सबैमा जानकारी गराइन्छ ।

अत : यस संघको पूर्व निर्धारित तालिका अनुसार नै यही मिति २०८२/१२/२४ गते निर्वाचन हुने व्यहोरा सबैमा जानकारी गराउँदछौं ।



# आचारसंहिताले रोकिएको जेनजी परिषद् गठनमा कहाँ अल्मलियो सरकार ?

टक नेपाल

बालेन्द्र शाह (बालेन) नेतृत्वमा नयाँ सरकार बनेसँगै यतिबेला जेनजी अगुवाहरूको दौडधुप बढेको छ। विभिन्न नाममा खुलेका जेनजी समूहहरू एकपछि अर्को माग लिएर सिंहदरबार धाइरहेका छन् । घाइतेको उपचार गर्नुपर्ने, सीप अनुसार रोजगारीको व्यवस्था गर्नुपर्ने तथा राज्यमा विभिन्न तहमा जेनजीको सम्मानजनक प्रतिनिधित्व लगायत मागसहित उनीहरूको दौडधुपले यतिबेला सिंहदरबारमा भिडभाड समेत बढेको छ।



यसरी आउने सबैजसो समूहलाई सरकारका सबैजसो मन्त्रीले दिने आश्वासन भने एउटै खालको छ- 'जेनजी परिषद् गठन हुँदैछ, तपाईंहरूको समस्या त्यसैले समाधान गर्छ । तपाईंहरू मन्त्रालयपिच्छे फाइल बोकेर धाउनै पर्दैन।'

तर जेनजी आन्दोलन भएको ६ महिनाभन्दा बढी हुँदा पनि परिषद् बन्न सकेको छैन । यसअघि निर्वाचन हुनुभन्दा केही समयअघि परिषद् गठन गने प्रयास पनि सफल भएन।

फागुन १२ गतेको मन्त्रिपरिषद् बैठकले 'जेनजी परिषद्' गठन गर्ने निर्णय त गऱ्यो, तर त्यो प्रयास सफल हुन सकेन । मन्त्रिपरिषद् निर्णय बमोजिम प्रधानमन्त्री कार्यालयले 'जेनजी परिषद् गठन तथा कार्य सञ्चालन आदेश, २०८२' पनि तयार गरिसकेको थियो । तर आचारसंहिता लागु भएको भन्दै निर्वाचन आयोगले त्यो काम रोक्यो।

तत्कालीन सरकारका एक मन्त्री भन्छन्, 'हामीले त्यतिबेला मन्त्रिपरिषद्बाट हतार-हतार निर्णय त गऱ्यौं, तर निर्वाचन आयोगले कार्यान्वयन गर्ने अनुमति दिएन। सरकारले पहिलो निर्णयबाट नै यसलाई अघि बढाउला भन्ने अपेक्षा थियो, तर यत्तिका दिन बितिसक्दा पनि ठोस निर्णय गरेको अवस्था छैन, यो सरकारले यसलाई तत्काल अघि बढाउनुपर्छ।'

यस्तै भनाइ छ जेनजी अगुवा रिजन राना मगरको समेत छ। सरकारले जेनजी युवासँग भएको सम्झौता कार्यान्वयन गने भन्दापनि अल्मल्याइरहने प्रवृत्ति देखिएको उनको भनाइ छ।

'सरकारले मानिसहरूलाई भुलाउने कामबाहेक अरु गरेको देखिँदैन, मन्त्रीहरू पनि एकपछि अर्को स्टन्टबाजी गर्दै हिँडेको देखिन्छ,' उनी भन्छन्, 'सरकारको प्राथमिकता के हो भन्ने कुरा नै प्रष्ट हुन सकेन।'

## किन अघि बढेन प्रक्रिया ?

सरकार बन्नेबित्तिकै पहिलो दिनमा नै यसअघि बनेको मस्यौदालाई नै पास गरेर प्रक्रिया अघि बढाउने भन्नेबारे छलफल भएको थियो। तर यस्तो परिषद्लाई थप फराकिलो बनाउने र अधिकारसम्पन्न र शक्तिशाली निकायको रुपमा स्थापना गर्ने उद्देश्य भएकाले यसलाई अन्तिम रुप दिन समय लागेको छ।

'फागुन १२ गतेको निर्णयमा जेनजी परिषद् भन्ने नाम राखिएको रहेछ । तर यसो राख्दा त्यो उमेर समूहको विषय मात्रै आउने भयो । त्यसैले यसलाई अलिकति फराकिलो बनाउने कि भन्ने छ,' वर्तमान सरकारको मन्त्रिपरिषद्का एकजना सदस्य भन्छन्, 'जेनजी परिषद्लाई जेनजी तथा युवा परिषद् बनाउने कि भन्ने छ।'

त्यसो त तयार भएको मस्यौदामा जेनजी परिषद्लाई यसअघिको राष्ट्रिय युवा परिषद्जस्तै मोडलमा बनाइएको भन्दै थप अधिकारसम्पन्न हुनुपर्ने भन्दै यसमा परिमार्जन गर्न लागिएको ती सदस्यले जानकारी दिए।

'राष्ट्रिय युवा परिषद्जस्तै संरचना त पहिले नै थियो, यसले समाधान दिन सकेन । फेरि परिषद्का लागि अर्को परिषद् बनाउनुभन्दा यसलाई साँच्चिकै काम गर्नसक्ने परिषद् बनाउने हाम्रो लक्ष्य हो,' ती मन्त्रिपरिषद् सदस्य भन्छन्, 'परिषद्लाई सबै मन्त्रालयसँग समन्वय गरेर काम गर्न सक्ने संरचनामा लैजाने तयारी छ । यसो गर्दा जेनजी र युवाले आफ्ना सबै समस्या, माग र आइडियालाई परिषद्मै पेस गर्न सक्छन् । यी कुराहरू परिषद्बाट नै मन्त्रालयसम्म कार्यान्वयनका लागि जान्छ भन्ने हाम्रो मोडालिटी हो।'

उनका अनुसार यसका लागि अघिल्लो सरकारको निर्णयका आधारमा बनाइएको 'गठन तथा कार्य सञ्चालन आदेश, २०८२' अब नयाँ ढङ्गले परिमार्जन गर्ने काम भइरहेको छ । यो टुंगिएपछि मन्त्रिपरिषद्बाट निर्णय भएर परिषद् गठनको काम अघि बढ्छ।

यस्तो थियो यसअघिको गठन आदेश गत २४ मंसिरमा भएको सरकार-जेनजी सम्झौतामा शासन व्यवस्था सञ्चालनमा सरकारलाई योगदान, खबरदारी र सुशासनका लागि सल्लाह, सुझाव र सहयोग प्रदान गर्नका लागि जेनजी परिषद् गठन गरिने विषय पनि ९औँ बुँदामा उल्लेख थियो।

सोही सम्झौता अनुसार फागुन १२ गतेको मन्त्रिपरिषद् बैठकले भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि सरकार र जेनजीबीच भएको सहमतिमा उल्लेख अनुसार 'नेपाल जेनजी परिषद्' गठन गर्ने निर्णय गरेको थियो।

परिषद्मा संयोजकसहित ३२ सदस्यीय तदर्थ समिति रहने र यसले खबरदारी, पैरवी र रचनात्मक संलग्नतामार्फत सुशासन, समृद्धि र भ्रष्टाचार अन्त्यका लागि सरकारसँग सहकार्य मस्यौदामा उल्लेख छ। यस्तो परिषद्को संरक्षक प्रधानमन्त्री रहने व्यवस्था गरिएको थियो । नेपाल सरकारले तोकेको एकजना कार्यकारी संयोजक व्यवस्था गरिएको थियो।

त्यसबाहेक प्रत्येक प्रदेशबाट कम्तीमा एक जना महिला, एक जना जनजाति वा दलितसहित तीन-तीन जनाको दरले २१ सदस्य हुनेछन् । कार्यकारी संयोजकले प्रतिनिधित्व गर्ने प्रदेशबाट भने कार्यकारी संयोजक बाहेक दुई जना मात्र सदस्य रहने' व्यवस्था थियो।

त्यस्तै, जेनजी आन्दोलनका सहिद परिवारबाट पाँच जना र घाइतेको तर्फबाट पाँच जना गरी १० जना सदस्य रहने उल्लेख छ । परिषद्का कार्यकारी संयोजक तथा पदाधिकारीको पदावधि पनि एक वर्षको हुने र बढीमा एकपटक उनीहरूको पुनः नियुक्ति हुने व्यवस्था गरिएको थियो । यसमा नेपाल सरकारले तोकेको राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव) स्तरको अधिकृतले परिषद्को सदस्य सचिवको रूपमा काम गर्ने व्यवस्था गरिएको थियो।

समितिको काम र कर्तव्य 'जेनजी आन्दोलनको मर्म र भावनाअनुरूप कार्य गर्न शासकीय प्रबन्धमा पारदर्शिता, उत्तरदायित्व, समता तथा समावेशिता, कार्यक्षमता तथा दक्षता एवं जवाफदेहिता अभिवृद्धि गर्न सबै राजनीतिक शक्तिहरूबिच संवाद, सहकार्य र सुझाव प्रदान गर्ने' उल्लेख थियो।

तर यस्तो संरचना बनाउँदा प्रभावकारी बन्नसक्ने नदेखिएपछि यसमा परिमार्जन गर्न लागिएको ती मन्त्रीको भनाइ छ।

'ठोस भूमिकाबिना संयन्त्र मात्रै बनाउँदा यसले प्रभावकारी परिणाम निकाल्न सक्दैन, अहिलेको मस्यौदा त्यस्तै देखियो,' ती मन्त्री भन्छन्, 'परिषद् बनाउनकै लागि बनाउने भए त ठिकै थियो, तर परिणाम निकाल्ने परिषद् बनाउन यसमा धेरै होमवर्क गर्नुपर्ने देखियो, प्रधानमन्त्री कार्यालय अहिले त्यही होमवर्कमा छ।'

## मानव बेचबिखन विरुद्ध सचेतना

- ❖ बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- ❖ विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- ❖ पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- ❖ समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ❖ ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ ।
- ❖ व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने ।
- ❖ शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित ि नकायसँग समन्वय गने ।
- ❖ चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- ❖ सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- ❖ मानव बेचविखनविरूद्ध क्रियाशिल सकी ग सकी संघसंस्थाहरूसँग समन्वय गने ।
- ❖ पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने ।

एकडारा गाउँपालिका , महोत्तरी, मधेश प्रदेश

## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न ोगहरुको विशेषज्ञ डाक्टरहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# श्रोत नखुलेको नगद तथा लागु औषधसहित तीन जना नियन्त्रणमा



● टक नेपाल

जिल्लाको सीमावर्ती क्षेत्र मर्यादपुर बजारमा प्रहरीले लागुऔषध तथा श्रोत नखुलेको नगदसहित तीन जनालाई नियन्त्रणमा लिएको छ।

लागुऔषध तथा विष्फोटक पदार्थ ओसारपोसार नियन्त्रणका लागि गौतम बुद्ध विमानस्थल सुरक्षा कार्यालय भैरहवाको केनाइन (डग) शाखा, जिल्ला प्रहरी कार्यालय कपिलवस्तु र प्रहरी चौकी मर्यादपुरबाट खटिएको संयुक्त टोलीले यशोधरा गाउँपालिका ७ मर्यादपुर बजारस्थित नेपाल-भारत सीमावर्ती क्षेत्रमा चेकजाँच गर्ने क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको हो।

प्रहरीका अनुसार चेकजाँचका क्रममा यशोधरा गाउँपालिका ५ सुठौली बस्ने २६ वर्षीय बब्लु यादवले चलाएको यूपी ५५ एडब्लु ०५९६ नम्बरको भारतीय मोटरसाइकलको सिट कभरभित्र लुकाईछिपाई राखे को अवस्थामा लागुऔषध स्पासप्रोक्स १२ ट्याब्लेट फेला पारी बरामद गरिएको छ।

त्यस्तै यशोधरा गाउँपालिका ७ मर्यादपुर बस्ने ३१ वर्षीय अखलक खाँनले चलाएको लु ५१ प १९०९ नम्बरको मोटरसाइकल रोकी जाँच गर्दा उनको साथमा रहेको झोलाबाट स्रोत नखुलेको आठ लाख बरामद गरिएको प्रहरीले जनाएको छ। उक्त नोट नेपाली एक हजार दरका ८ सय थान रहेको प्रहरीको भनाइ छ।

**सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं, पर्यटनलाई प्रवर्द्धन गरौं।**

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ–मन्दिर, ऐतिहासिक दरवार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।

**औरही नगरपालिका**
महोत्तरी, मधेश प्रदेश

**जनहितमा जारी**

- बिना अनुमति बोडिङ नगनुहोस्
- भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्या(उँछ
- जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्
- खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्त: ड्रिप, स्प्रिंकल) अपनाआं
- सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्
- गहिो बोडिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्
- अनियन्त्रित बोडिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ
- सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां
- बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां
- पानीको सिाइकल पुन:प्रयोग प्रविधि प्रयोगमा ल्याआं
- कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं
- जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां
- 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उताां



एकडारा गाउँपालिका, महोत्तरी

# ४० हजार रुपियाँ घुससहित सशस्त्रका प्रहरी निरीक्षक पक्राउ

● टक नेपाल



धनुषाको मिथिला नगरपालिका-१०, लालगढबाट ४० हजार रुपियाँ घुस रकमसहित सशस्त्र प्रहरी बलका एक प्रहरी निरीक्षकलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पक्राउ गरेका छन्।शुक्रबार शसस्त्र प्रहरी बल नकटाझिज धनुषामा कार्यरत प्रहरी निरीक्षक वकिल अधिकारीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासको टोलीले पक्राउ गरेका हुन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासका सूचना अधिकारी प्रकाश पोखरेलले कमला-ढल्केवर-बाग्मती सडक निर्माण खण्डअन्तर्गत माटो तथा ग्राभेल फिलिङ कार्य गरिरहेका एक ठेकेदारसँग ४० हजार रुपियाँ घुस रकम लिइरहेको अवस्थामा प्रहरी निरीक्षक अधिकारीलाई नियन्त्रणमा लिइएको बताउनुभयो।

ठेकेदारसँग अनधिकृत रकम माग गरेको सूचनाका आधारमा अख्तियारको टोलीले पक्राउ गरेको उहाँले जानकारी दिनुभयो। पक्राउ परेका शसस्त्र प्रहरी निरीक्षक अधिकारीमाथि थप अनुसन्धान भइरहेको सूचना अधिकारी पोखरेलले जानकारी दिनुभयो।

**परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?**

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-



- सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
- सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
- लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
- घर वरपर पानी जम्न नदिने

एकडारा गाउँपालिका, महोत्तरी, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014